Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74137
Research Article
ISSN: 3021-9035 Print

# *अर्थ राजनीतिमा परम्परागत हस्तकला र आधुनिकताको प्रभाव*

**रामनारायण महतो**
*ram.mahatoktm@gmail.com*


## *लेखसार*

परम्परागत हस्तकलाले सदियौँदेखि समाजको अर्थतन्त्र सुदृढ बनाउँदै आएको भए पनि पछिल्ला केही दशकदेखि कलामा ह्रास आएको पाइन्छ । राज्यले अर्थ राजनीतिभित्र यसप्रति कुनै चासो नराख्दा उदासिनता बढदै गएको छ। परम्परागत हस्तकला मानिसको दैनिक क्रियाकलाप, धार्मिक कार्य, विभिन्न संस्कार र माङ्गलिक पूजापद्धति, सजावट, उपहार र मनोरञ्जनका लागि समेत प्रयोग हुँदै आएका छन्। कतिपय माङ्गलिक तथा धार्मिक कार्य गर्दा हस्तकलाका सामाग्रीहरू नभई नहुने मान्यता रहेको छ । यी हस्तकला निर्माणमा वर्तमान समयमा आधुनिकताले व्यापक प्रभाव पारेको छ । जनसङ्ख्या वृद्धि, बेरोजगारी समस्या, महँगी, विभिन्न कच्चा पदार्थको अभाव, युग सुहाउँदो उत्पादनमा कमी, बजार विस्तारको अज्ञानता, मनग्य आम्दानीको कमी, बजारमा प्लास्टिक र धातुजन्य सामाग्रीको प्रचुरता, प्रतिस्पर्धाको अभाव, वैदेशिक रोजगारप्रति आकर्षण बढ्नु, सम्वर्द्धनको अभाव र हस्तकलाका सौन्दर्यात्मक तथा माङ्गलिक अभिष्टलाई बनाइएका सामाग्रीको अवमूल्यन आदिले गर्दा कलाप्रति अरूचि बढ्नुको साथै कतिपय कलाकर्मीहरू आफ्नो पेसाबाट पलायन भएका छन्।


***शब्दकुञ्जी :*** सिक्की, पटेर, डाली, झाँप, मटकुडी।

## *विषय प्रवेश*

समाजको अर्थ राजनितिमा परम्परागत हस्तकला र आधुनिकताको प्रभाव विषयक यो शिर्षकमा अर्थ भनेको अर्थतन्त्र हो, जसमा आर्थिक उपार्जनका गतिविधि हुने गर्दछन् । यहाँ परम्परागत हस्तकलाको उत्पादन तथा बिक्रीवितरणबाट हुने लाभलाई अर्थसँग जोडिएको छ।

अर्थ राजनीति भनेको राज्य, समाज, व्यक्ति र बजारको अन्तरक्रियात्मक सम्बन्ध हो अर्थात राज्यले कुनै समाजको अर्थतन्त्रलाई (व्यक्तिले आर्थिक उपार्जन गर्ने प्रक्रिया) चलयमान बनाउन अर्थात बजारीकरण गराउन राज्यले आफ्नो नीतिमा सम्बन्धित अर्थतन्त्रलाई प्राथमिकता दिएको अथवा नदिएको बुझिन्छ । मधेसी समाजमा आर्थिक उपार्जनसँग प्रत्यक्ष सम्बन्ध राख्ने परम्परागत हस्तकलाले आधुनिकताको प्रभावसँगै प्रतिस्पर्धाको सामना गर्नु परेको छ भने परम्परागत हस्तकलालाई उकास्न राज्यस्तरबाट कुनै पनि प्रभावकारी कार्य हुन सकेको छैन।

मधेसी समाजमा सबै जातिका आआफ्नै परम्परागत पेसा रहेका छन्, जसले समाजको अर्थतन्त्र चलयमान बनाउँदै आएको पाइन्छ । परम्परागत हस्तकला पेसा मानिसको प्रत्यक्ष सरोकार र दैनिक उपयोगको विषय वस्तु भएकाले यसका विषयमा मात्र उल्लेख गर्न खोजिएको छ।

आधुनिकता भनेको मानव जातिलाई अज्ञानताबाट प्रगतिशिलतिर निर्देशित गर्ने पथ हो। यसमा लोकतन्त्रको विकास, स्वतन्त्रता, मानिसको खानपिन, पहिरन, रहनसहन, रीतिरिवाज, संस्कृति आदिमा परिवर्तन, प्रविधिको विकास आदि हो, जसले मानिसको दैनिक जीवनमा परिवर्तनको अनुभूति गराएको हुन्छ। यी परिवर्तनहरू साकारात्मक र नाकारात्मक दुवै हुन सक्तछन् अर्थात कला, शिक्षा, स्वास्थ्य, कृषि, सञ्चार, यातायात आदि क्षेत्रमा रहेका अप्ठयाराहरू न्यूनिकरणका लागि विभिन्न प्रविधिहरूको विकास भएको छ; जसलाई साकारात्मक मान्नुपर्छ। त्यस्तै आधुनिकतासँगै तीव्र जनसङ्ख्या वृद्धि, महँगी, बेरोजगारी, कला सृजनाका

लागि कच्चा पदार्थको अभाव, अशिक्षा, जनचेतनाको कमी, बजारमा प्लास्टिक तथा धातुजन्य सामाग्रीको प्रचुरताका कारण प्रतिस्पर्धाको अभाव, वैदेशिक रोजगारप्रति बढदो आकर्षणका कारण मनग्य आम्दानीका लागी परम्परागत पेशाबाट पलायन हुनु, बजारको माग बमोजिम समयअनुसार परिमार्जित उत्पादन गर्न नसक्नु, सरकारी स्तरबाट जीवनस्तर उकास्न कुनै प्रशिक्षणको व्यवस्था नहुनु, कतिपय हस्तकला मनोरञ्जन र उपहार आदिमा मात्र सिमित रहँदा यसबाट पाउने प्रतिफलबाट अलग रहनु आदि कारणहरूलाई नाकारात्मक असर मान्नुपर्छ।

पूर्वी मधेसको भौगोलिक वातावरण, हावापानी, संस्कृति र माटो सुहाउँदा विभिन्न परम्परागत हस्तकलाको प्रचलन रहेको छ, जसले सर्वसाधारण मानिसको दैनिक आवश्यकता परिपूर्तिलाई सहज बनाएको छ। परम्परागत हस्तकला मानिसको दिनचर्या, धार्मिक कार्य, विभिन्न संस्कार र माङ्गलिक पूजापद्धति, मनोरञ्जन र सजावटका लागि समेत प्रयोग हुने गर्दछन् । यसबाट उनीहरूको आत्मबल बढ्नुका साथै आयआर्जनमा समेत मद्दत पुगेको छ। यसरी लोककला अर्थात सबै जाति वर्गले अँगालेको र जातिविशेषले मात्र अँगालेको कला पुरानो पुस्ताबाट नयाँ पुस्तामा स्वस्फूर्त रूपमा हस्तान्तरण हुँदै वर्तमान आधुनिक युगसम्म पुगेको पाइन्छ।

यसरी अभ्यासमा रहेका यी हस्तकला सामाग्रीहरू खरबाट बनेका पौँती, सखारी, डालि, मौनी, मुजौला, कागज र बाँसको कम्चीबाट बनेका झ्याँप, मुकुट, आकाशदीप, धागो र कपडाबाट बनेका दैनिक पहिरन, खेलौना, बाँसबाट बनेका टोकरी, कोनिया, ढकिया, नाङ्लो, काठबाट बनेका कुर्सी, पलङ, फोटोफ्रेम, बेलनाचकला, ढोकाको चौकोस, ढोका,माटोबाट बनेका कलश, ढकनी, मटकुडी, घैँटा, तावा, झिँगटी, ढुङ्गाबाट बनेका जाँतो, सिलौटो आदि तथा विभिन्न सजावटका सामानहरू रहेका छन्।

देशको मेरुदण्ड मानिने आर्थिक पक्ष बलियो बनाउन सरकारले आफ्नो नितिभित्र ती विषयवस्तुलाई समावेश गर्नुपर्दछ। तर मधेसको लोक तथा परम्परागत हस्तकला उपेक्षित अवस्थामा रहको छ। राज्यले उद्यम, व्यापार, बैंकिङ्ग, कृषि, रियलस्टेट, उर्जा, पर्यटन, बिमा, शेयर, वैदेशिक रोजगार, उद्योग, होटल सञ्चालनलगायतमा प्राथमिकता दिए जस्तै परम्परागत हस्तकलाको विकासमा ध्यान दिएको पाइँदैन, जसले गर्दा स्वदेशी उत्पादनमा ह्रास र विदेशी आयातित सामाग्रीको प्रभावले यहाँका कलाकर्मीहरू पलायन हुन बाध्य भएका छन्।

यो स्थितिमा राज्यको अर्थनिति र भूमिका कस्तो हुनुपर्छ ? परम्परागत हस्तकलामा आधुनिकताको केकस्तो प्रभाव परेको छ ? त्यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? भन्ने कुरा उजागर गर्नु यस लेखको प्रमुख आशय हो।

## *अध्ययन विधि*

यो अध्ययन सुनसरी जिल्लाको कोसी गाउँपालिकाभित्र गरिएको हो। कोसी गाउँपालिका पश्चिममा कोसी नदी, दक्षिणमा भारतको बिहार राज्य, पूर्वमा भोक्राहा नरसिंह गाउँपालिका तथा उत्तरमा बराहक्षेत्र नगरपालिकासँग जोडिएको छ। अध्ययन पुष्टि गर्न प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरेको छ। गुणात्मक अनुसन्धान विधिको प्रयोग गरेर अन्वेषणात्क तथा विश्लेषणात्मक विधिबाट सूचना केलाइएको छ। प्राथमिक सूचना सङ्कलन गर्दा प्रश्नावली निर्माण, अवलोकन, स्रोत व्यक्तिसँग अन्तर्वाता गरिएको छ। तथ्याङ्क सङ्कलन गर्न जानु अघि कलाका विविध पक्ष समेटिने खुला प्रश्नहरू बनाएर गुणात्मक सूचनामा जोड दिएको थियो। यस क्रममा कम्तिमा दुई जना सम्बन्धित विषय विज्ञहरूसँग खुला प्रश्वावलीका आधारशिलामा हस्तकला सम्बन्धी जानकारी सङ्कलन गरिएको छ। त्यस्तै द्वितीय स्रोतको अभाव भए तापनि सम्बन्धित पुस्तक र प्रकाशित लेखबाट थप सुचना समेटी अध्ययनलाई पुष्टि गरिएको छ।

## *पूर्वी मधेसको अर्थ राजनीतिमा हस्तकला र आधुनिकताको प्रभाव*

समाजमा लोक र परम्परागत हस्तकलाको विशेष स्थान रहँदै आएको छ। यो स्वस्फूर्त रूपमा एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै आएको कला हो। यसले प्रत्यक्ष र अप्रत्यक्षरूपले आर्थिक समृद्धिमा बल पुऱ्याएको छ। त्यसैले यसलाई अर्थ राजनीतिमा समेट्न धेरै आवश्यक रहेको भए पनि यसतर्फ राज्य उदासिन रहेको देखिन्छ। यसमा अर्थ भनेको परम्परागत हस्तकलाबाट हुने आर्थिक

गतिविधि, कारोबार, आर्थिक उपार्जन हो, जसको सम्बन्ध मानिसको जिविकासँग गाँसिएको हुन्छ।

अर्थ राजनिति भनेको राज्यले आर्थिक गतिविधिलाई बढावा दिनु, मानिसलाई उच्चतम आर्थिक पक्षसँग जोडनु, यसका लागि बजार विस्तार, प्रविधिको विकास, क्षमता अभिवृद्धि, प्राविधिक ज्ञान, उत्पादन आदि पक्षलाई राज्यले गम्भीरतापूर्वक आफ्नो नितिमा समावेश गर्नु हो।

आधुनिकताको प्रभाव भनेको रूपान्तरण हो । रूपान्तरण सकारात्मक वा नकारात्मक दुवै हुन सक्छन्। रूपान्तरण भनेको विद्यमान रहेको सामाजिक र आर्थिक प्रणाली वा संरचनामा व्यक्ति, परिवार र समाजले फड्को मार्नु हो। यसलाई अर्थशास्त्रीय तथा समाजशास्त्रीय ढङ्गले अलगअलग व्याख्या गर्ने गरिन्छ। रूपान्तराण एउटा सापेक्षिक अर्थ दिने शब्द हो, जसले विद्यमान अवस्थामा फेरबदल गरेर सकारात्मक परिवर्तनको कुरा गर्छ (सुवेदी, २०७३, पृ. ११)।

परम्परागत हस्तकलाको सन्दर्भमा अर्थ राजनिति भनेको वर्तमान निर्वाहमुखी परम्परागत हस्तकला पेसालाई राज्यले प्राथमिकताका साथ आफ्नो नितिमा समावेश गरी समय सापेक्ष बनाउनु हो। नयाँ प्रविधिमार्फत उपभोक्ताको चाहनाबमोजिम धेरै उत्पादन गरेर बजार विस्तार गर्नु हो। राष्ट्रिय र अर्न्तराष्ट्रिय बजारको अध्ययन तथा अनुगमन गरी त्यही अनुरूप हस्तकलाका सामाग्री उपलब्ध गराएर आर्थिक गतिविधि बढाउनु र लाभान्वित समूहलाई उच्च आर्थिक लाभको स्तरसम्म पुऱ्याउनु अर्थ राजनिति हो।

कुनै राष्ट्र आर्थिक, प्राविधिक र व्यवसायिक क्षेत्रमा कमजोर भयो भने त्यो राष्ट्र बलियो हुँदैन। आर्थिक, वैज्ञानिक र व्यवसायिक क्षेत्रमा कुशलता हासिल नगरी राजनीतिक क्षेत्रमा सबल हुन सक्दैन। त्यसैले चीनले विचारधारात्मक क्षमता, प्राविधिक ज्ञान, व्यवस्थापकीय ज्ञानजस्ता तीनै क्षेत्रमा क्षमता वृद्धि गर्न लागि परेको छ। उत्पादन वृद्धि, सामाजिक न्याय, शोषणको अन्त हुने र नहुने बिचको अन्तर कम गर्ने र यसका लागि कठोर परिश्रम गर्ने कार्यकर्ता पङ्क्ति र जनता तयार नगरी समाजवादतर्फ जान सकिँदैन (बडाल, २०६७, पृ.९)।

कुनै पनि राष्ट्रको उन्नतिका लागि राजनैतिक विचारधारा, दूरगामी सोच, प्रविधिको प्रयोग र व्यवस्थापकीय ज्ञान हुन जरुरी हुन्छ। यो नभए सामाजिक असमानता, अन्याय, शोषण, हुने र नहुने बिचको फराकिलो अन्तर देख्न सकिन्छ। नेपाल यही स्थितिबाट गुज्रिरहेको छ। सन् १९८९ मा नेपाल र भियतनाको प्रतिव्यक्ति आय बराबरी (लगभग २२० अमेरिकी डलर) थियो । अहिले भियतनामको प्रतिव्यक्ति आय नेपालको भन्दा दुई गुणा बढी छ । अर्थतन्त्रको औद्योगिकीकरण गरेर भियतनामले द्रुत आर्थिक रूपान्तरण हासिल गर्न सक्यो। यसका तुलनामा नेपाल औद्योगिकीकरण गर्न असफल भएको छ; जसले गर्दा कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान घटेर सन् १९८५ भन्दा अघिको अवस्थामा पुगेको छ। यसले नेपालमा औद्योगिकीकरणले गति लिनुभन्दा अघि नै क्रमिक अनौद्योगिकीकरण भएको देखाउँछ। आर्थिक रूपान्तरणका कामबाट नेपाल निरन्तर छलिएको छ। उत्पादकत्व क्षमता कमजोर हुनाले आर्थिक विकास मन्द र प्रतिव्यक्ति आय कम भएको छ। श्रमशक्तिको ठुलो हिस्सा अहिले पनि कम उत्पादकत्व भएका गतिविधिमा संलग्न छ। वस्तु उत्पादन क्षेत्र गतिहीन भएकाले र सेवा क्षेत्रले धेरै रोजगार दिन नसक्ने भएकाले मानिसको घरायसी आय वृद्धिमा राष्ट्रिय अर्थतन्त्रले सघाउ पुऱ्याउन सकेको छैन। फलस्वरूप धेरै कामदार राम्रो रोजगारीको खोजीमा नेपाल छाडी विदेशी श्रमबजारमा गएका छन् (बस्नेत, सापकोटा र खतिवडा, २०१९ पृ.१२५)।

सुनसरी जिल्लाको कोसी गाउँपालिकाका बासिन्दाले परम्परागत र लोक हस्तकलाका विभिन्न सामाग्रीहरूको निर्माण र चित्रकारितामा पनि विशेष रुचि राखेको पाइन्छ। 'सामान्यतः लोककला भनेको लोक र कला दुईओटा शब्दको संयोजन हो । यसमा लोक भन्नाले जनसामान्य, सर्वसाधारण जनसमुदाय र कला भन्नाले उनीहरूले विभिन्न माध्यमबाट अभिव्यक्त भावना, कल्पना, स्मृति र विचार मूलक चितवृतिको सुन्दर, आकर्षक तथा मनोरम अभिव्यञ्जनात्मक सृजना हो' (रायमाझी, २०७०, पृ.१७)। यसरी रायमाझीले व्यक्त गरेको विचारअनुसार विभिन्न माध्यमबाट व्यक्त सौन्दर्यात्मक अभिव्यक्तिको उपज कला हो, जुन हातबाट निर्मित आकृतिजन्य र चित्रात्मक दुवै हुन सक्छ। यी हस्तकलाका विभिन्न विषयवस्तु यस प्रकार रहेका छन्।

### *वनस्पतिजन्य हस्तकला*

प्राकृतिक विविधताले पूर्ण कोसी गाउँपालिकामा विभिन्न किसिमका वनस्पतिहरू पाइन्छ; जसको उपयोग गरेर मानिसले हस्तकलाका जीवनोपयोगी कलात्मक सामाग्री निर्माण गर्छन्। यसबाट आत्मसन्तुष्टि, माङ्गलिक कार्य र आर्थिक उपार्जन गर्छन्। यी वनस्पतिजन्य सामाग्रीको निम्नानुसार वर्णन गरिएको छ–

### *डाली, मौनी, मुजैला, पौँती र सखारी*

खर (सिक्की, मुज र काँस) बाट निर्माण गरिने डाली, मौनी, मुजैला, पौँती र सखारीलगायतका कलात्मक सामाग्रीहरू माङ्गलिक कार्य पूजा, व्रतबन्ध, श्राद्ध तथा विवाहमा उपहार आदिका लागि बनाउने गर्छन्। मधेसी मूलका महिलाहरूले फुर्सदको समयमा खरबाट विभिन्न किसिमका कलात्मक हस्तकला सामाग्रीहरू बनाउने गर्दछन्। यो कार्यमा प्रत्येक जाति र वर्गका महिलाहरूले उत्तिकै उत्सुकताका र सहभाति जनाएर लोककलाको अभिष्ट पुरा गर्दछन्।

वैदिक कालदेखि नै मैथिल महिला सिक्की लोक कलामा कुशल रहेको प्रमाण भेटिन्छ । सिक्की एक किसिमको लामो घाँस हो । यसलाई चिरेर घरायसी प्रयोगमा आउने डाली, मौनी, पौँती, मुजेला र टोकरीको निर्माण गरिन्छ। सिक्कीलाई रङाएर विभिन्न आकृतिहरू निर्माण गरिन्छ (राकेश, २०६७, पृ.८३)।

लोक हस्तकलाका रूपमा खरबाट बनाइने डाली, मौनी, मुजैला, पौँती, सखारी आदि हुन्छन्। सिक्की, मुज र काँस साउन र भदौ महिनामा खेतको आली, धार (खोला) मा, ऐलानी जग्गामा हुर्केर अग्लो भएर फुल्ने गर्दछ । महिलाहरूले त्यसलाई सङ्कलन गरेर मुज र सिक्कीलाई चिरेर सुकाई आवश्यक रङ लगाएर विभिन्न किसिमका कलात्मक बुट्टाहरू बुन्ने गर्दछन्। यी हस्तकला सामाग्रीहरू बनाउँदा टोकनी भन्ने चुच्चो परेको औजारले बुन्ने गर्दछन्। पछिल्लो समयमा लोक हस्तकलाबाट कुनै आर्थिक लाभ नहुँदा यस कार्यप्रति अरुचि बढ्दै गएको पाइन्छ; जसलाई कलामा परेको नकारात्मक प्रभाव मान्नुपर्छ । समाजमा बेरोजगारीको समस्या रहेको अवस्थामा यो कलाको प्रचारप्रसार र बजारीकरण गर्न सकेमा यसबाट प्रशस्त आर्थिक उपार्जन गर्ने सम्भावना रहेको छ। यसका लागि राज्यस्तरबाट प्रयास हुन जरूरी देखिन्छ। स्थानीय कलाको प्रवर्धन गर्न सके पर्यटनको विकास र अर्थतन्त्र उकास्न मद्दत पुग्न सक्छ।

### *चट्टाई (सुकुल वा गुन्द्री), चकटी*

पटेर र मोथी पानीमा हुर्कने वनस्पति हो। स्थानीय बासिन्दाले सङ्कलन गरेर ल्याइएका यी सामाग्री घाममा सुकाएर तिनीहरूबाट कलात्मक चट्टाई (सुकुल) बनाउने गर्छन्। धानको पराल र खजुरको पातबाट पनि कलात्मक चट्टटाइहरूको निर्माण हुने गर्छन्। परालबाट बस्नका लाग चकटीहरू पनि बनाउने गरिन्छ। यस्ता चट्टाइहरू ओछ्यान लगाएर सुत्नका लागि र धान, गहुँलगायतका अन्नबाली सुकाउनसमेत प्रयोगमा ल्याउने गरिन्छ । यी चट्टाई तथा चकटीहरू जाडो महिनाका लागि उत्तम मानिन्छ तथा विभिन्न प्रयोजनका लागि चट्टाइहरूको व्यापक खरीद–बिक्री हुने गर्दछ। अहिले बजारमा प्लास्टिकबाट बनेका चट्टाई सस्तोमा पाउने हुनाले पटेर, पराल र खजुरको पातबाट बनेका चट्टाईको खरिदबिक्रीमा गिरावट आएको छ। स्थानियलाई मेहनत र लगानीको तुलनामा न्यूनलाभ हुने भएकाले यो हस्तकलाप्रति विकर्षण बढदै गएको छ। राज्यस्तरबाट घरेलु तथा स्वदेशी उत्पादनलाई बढावा दिन सके स्थानीय जनताको आयस्तर वृद्धि हुन सक्तछ।

### *जुट र कपासजन्य हस्तकला सामाग्री*

जुट मधेश तराईको सबै ठाउँमा उत्पादन हुने वनस्पति हो । जुटबाट निर्माण गरिने हस्तकला सामाग्रीहरू बोरा, गलैँचा, कार्पेट, खटिया (सुत्नका लागि) र मचिया (बस्नका लागि) डोरीको जालीले बुन्ने गरिन्छ। चट्टाई बुन्नका लागि, पशुलाई बाँध्नका लागि दाम्लो, नाथ (नाक छेदन), गल्दामी (घाँटीमा बाँधिने डोरी) रस्सा (डोरी), सिक (घरभित्र कुनै सामान झुण्डयाएर राख्नका लागि), जाली आदि घरेलु कलात्मक हस्तकला सामाग्रीहरू बनाइने हुँदा किसान परिवारका लागि महत्त्वपूर्ण मानिन्छ।

कपास नरम तथा न्यानोपनको वनस्पति भएकाले कपासबाट सिरक, डस्ना, सिरानी बनाइनुका साथै विभिन्न किसिमका खेलौनाहरू पनि तयार गरिन्छ। यसलाई धागोको

लागि प्रमुख कच्चा पदार्थ मानिन्छ। त्यस्तै दियो बाल्नका लागि सानोसानो बेरिएको बाती वा सलेदो बनाइन्छ। अहिले बजारमा प्लास्टिकजन्य विभिन्न सामाग्रीहरू सस्तोमा पाउने हुँदा कपासबाट बनेका सिरक, डस्ना, जुटबाट बनेका डोरी, कार्पेट, बोरा आदिको बिक्रीमा कमी आएको छ। कपास र जुट धागो, कपडा, बोरा, कार्पेट र गलैँचाको प्रमुख कच्चा पदार्थ भएकाले यसको निर्यातबाट आयआर्जनमा मद्दत पुग्न सक्तछ। राज्यले प्रविधिको विकासमा जोड दिएर कच्चा पदार्थको धेरै प्रयोगका लागि घरेलु उद्योगलाई प्रोत्साहन गर्नका साथै उत्पादित वस्तुको निर्यातमा सहयोग पुऱ्याउनुपर्छ। यसले रोजगारी सृजना गरेर आयस्तर वृद्धि गराउन सकिन्छ।

## *सृजनी हस्तकला*

नयाँ र पुराना कपडामाथि विभिन्न बुट्टाहरू बनाउने कार्य कढाइ अथवा सृजनी हस्तकला हो। साडी र धोती चारैतिरबाट सिएर त्यसमाथि सुती तथा ऊनी धागोले विभिन्न आकारका कलात्मक बुट्टाहरू बनाउँदा कपडाको आयु बढ्नुको साथै हेर्दा आकर्षक देखिन्छ। बच्चाहरूको टोपी, सिरानी, तन्ना, पर्दा, ओढ्ने खास्टी, रुमाल आदिमा रङ्गीविरङ्गी चित्राकृतिहरू बनाउने गरिन्छ। बच्चाहरूको मनोरञ्जनका लागि पुरानो र नयाँ कपडा सिएर त्यसमा कपास, भुस, कागज, थोत्रा कपडा आदि भरेर विभिन्न आकृतिजन्य खेलौनाहरू तैयार गरिन्छ। यो काम निम्न तथा मध्यम वर्गीय परिवारमा सदियौँदेखि चल्दै आएको रीति हो।

समाजका सीमित महिलाहरूको मात्र सहभागिता रहेको यो हस्तकलामा अन्य महिलाको आकर्षण रहेको देखिन्छ। सृजनी कला र खेलौना निर्माणको प्रचारप्रसार गरेर यसलाई व्यवसायिक बनाउन सके मनग्य आम्दानी र कलाप्रति आकर्षण बढाउन सकिन्छ। यसको व्यापारका लागि स्थानीय स्तरमा मेला आयोजना गरेर प्रचारप्रसार गर्न सके बजार विस्तार हुन सक्तछ।

## *कागज र वनस्पतिजन्य हस्तकला*

कागज, कोढला र बाँसको कम्चीबाट झाँप, मण्डप, आकाशदीप, चङ्गा, मौर (मुकुट) जस्ता सामग्री बनाइन्छ। झाँप अर्थात छोप्नु वा संरक्षण गर्नु भन्ने बुझिन्छ। झाँप बनाउनका लागि गोलाकार वा वर्गाकार फ्रेम बनाएर वरिपरि सेतो कागज टालेर त्यसमा सुगा, हात्ती, मयूर र घोडाका रङ्गीन चित्राकृति बनाउने गरिन्छ। यसमा प्रयोग भएको कोढला भन्ने वनस्पतिलाई शुद्ध र अनिवार्य मानिन्छ। कोढला भारतबाट आयात गरिन्छ।

घरका कुलदेवता र ग्रामदेवताका लागि प्रत्येक वर्ष नयाँ झाँप बनाउने काम माली जातिका महिला र पुरुषहरूले विशेष अभिरुचिका साथ गर्दछन्। 'झाँप निर्माणमा कोरिएका चित्रहरूमा हात्तीलाई समृद्धिको प्रतिक, घोडालाई गतिशिलताको प्रतिक, मयुरलाई शुभ तथा सौन्दर्यको प्रतीक, सुगालाई गुरुको प्रतीक मानिन्छ। यसका अतिरिक्त फूलपातको पनि चित्रण गरिएको हुन्छ। कागजको सेतो पृष्ठभूमिमा रातो, पहेँलो, हरियो तथा निलो रङ्ग प्रयोग गरिन्छ' (सुमन, सन्, २०२२)। सदियौँदेखि यसरी धार्मिक अनुष्ठानमा झाँप हस्तकला प्रयोग गर्ने परम्परा रहेको पाइन्छ।

विवाहमा बेहुलाका लागि कलात्मक मौर (मुकुट), पाग (पगडी), दुबोको माला बनाउने परम्परा रहेको छ। त्यस्तै कागज र बाँसको कम्चीबाट विवाहका लागि मरवा (मण्डप) निर्माण, तुलसी पूजामा आकाशमा दियो बाल्नका लागि आकाशदीपको निर्माण,चङ्गा बनाउने काम लोक हस्तकलाको रूपमा रहेको पाइन्छ। माङ्गलिक कार्य तथा संस्कारसँग जोडिएका उपरोक्त हस्तकलाको निर्माणलाई अनिवार्य मानिएको हुनाले कलामा रहेको सकारात्मक पक्ष मान्नुपर्छ। पछिल्लो समयमा दुवोको मालाको सट्टामा कृत्रिम प्लास्टिकको माला, मौर (मुकुट) को साट्टो ढाका टोपी लगाउनु, विवाहको मण्डप सजाउन प्लास्टिकका रेडिमेड सामाग्री किनेर ल्याउनु, देउताघरका लागि झाँपलाई अनिवार्य नमान्नुलाई हस्तकलामा आधुनिकताको नकारात्मक प्रभाव मान्नुपर्छ। यी हस्तकलाको प्रवर्धन गर्न सके ग्रामीण भेकका जनताको आर्थिक वृद्धिका साथै बजारमा प्लास्टिकजन्य सामानको खरिदविक्रीमा कमी आउनेछ।

## *बाँसजन्य हस्तकला*

बाँस हाम्रो जीवनका साथै अन्तिम संस्कारसम्म

प्रयोग हुने गर्छ। मधेसको ग्रामीण क्षेत्रमा अधिकांश घरका छानाहरू बाँस र खरजन्य सामाग्रीहरूबाट बनेको पाइन्छ। 'बाँस घर, टोकरी, किताब राख्ने ऱ्याक, सिँढी, मचान, भकारी आदि बनाउन अत्यधिक प्रयोग हुने सामाग्री हो। यसलाई पवित्र बोट मानिन्छ र यसलाई मिथिलामा उन्नतिको प्रतिक मानिन्छ। यसबाट अन्य हस्तकलाका सौन्दर्य प्रसाधनहरू निर्माण गरिन्छ' (राकेश, सन् २०१६, पृ. २०)।

मधेसमा घर निर्माणका साथै माङ्गलिक कार्य र चाडपर्वमा टोकरी, नाङ्लो, डोको, हाते पङ्खा, कोनिया, ढकिया, चालैनलगायत विवाहका लागि कलात्मक मढवा निर्माणका स्रोत बनेका छन्। बाँसजन्य हस्तकलामा चाख राखी अवसरको खोजीमा रहेकालाई विभिन्न किसिमको सजावट सामाग्रीको उत्पादनबाट रोजगारीको अवसर प्राप्त भएको छ' (कुमार, सन् २०२३)।

कलात्मक घर निर्माणका लागि बाँसबाट निर्मित झ्याल, ढोका, मचान आदि सजावटका विभिन्न सामाग्री हुने गर्छ। पुर्खौली पेसा अङ्गालेका डोम जातिका महिला र पुरूषले परम्परागत रूपमा बाँसबाट बनाएका कलात्मक सामाग्रीहरू बनाएर बेच्ने गर्छन्। यो पेसालाई अझै प्रभावकारी बनाउन बजारको ज्ञान, प्रविधिको प्रयोग, उपभोक्ताको चाहना बमोजिम सामाग्री निर्माण गर्न सके यस व्यवसायबाट बढी लाभ लिन सकिन्छ। बाँस र निगालोबाट कलात्मक सोफा, टेबल, कुर्सी, किताब राख्ने ऱ्याक बनाएर उपभोक्तालाई लोभ्याउने वातावरण निर्माण गर्न सकिन्छ।

## काष्ठ र धातुजन्य हस्तकला

धातुको आविष्कार र यसबाट निर्मित सामाग्रीहरू बजारमा उपलब्ध हुन थालेपछि माटो र काठका भाँडाकुँडा विस्थापित हुँदै गए तापनि अहिले पनि काठका सामाग्रीहरू प्रशस्त मात्रामा उपयोगमा रहेका छन्। काठबाट निर्माण भएका सामाग्रीहरू कृषिकार्यका लागि हलो, जुवा, गाडा, दैनिक विश्रामका लागि कुर्सी, बेन्च, टेबुल, पलङ, भान्सा प्रयोजनका लागि बेलनाचकला, सजावटका लागि फोटो फ्रेम, विभिन्न हातहतियारका बिँड, सङ्गीत र मनोरञ्जन सामाग्री, घर निर्माणका लागि ढोका, चौकोस आदि हुन्। यो कार्यमा मधेसका बरही जातिलाई कुशल कारीगर मानिन्छ। यद्यपि अन्य जातिका मानिसले पनि काष्ठकला सिकेर व्यवसाय चलाउँदै आएको पाइन्छ। त्यस्तै धातुजन्य सामाग्री निर्माण गर्न लोहार जातिलाई कुशल मानिन्छ। धातुबाट हँसिया, चुलेसी, चक्कु, बन्चरो, खुकुरी डाढु, पन्यूँजस्ता सामाग्री निर्माण हुने गर्छ। काठ र धातुको नङ र मासुको सम्बन्ध हुन्छ। जस्तै– धातुको हँसिया बनाउँदा काठको बिँड हाल्नुपर्छ।

काठका कलात्मक हस्तकलाका सामाग्री धातुको तुलनामा कमजोर र महँगो रहेकाले विस्तारै खरिदबिक्री कम हुँदै गएका छन्। यद्यपि काठका सुन्दर कलात्मक सामाग्रीहरूको निर्माण कार्य निरन्तर हुँदै आएको पाइन्छ। काठका सामाग्रीहरू धातु र प्लास्टिकजन्य सामाग्रीभन्दा कम टिकाउ, बढी लागत र महँगो हुँदा प्रतिस्पर्धाको सामना गर्नु परेको छ; जसलाई काष्ठकलामा नकारात्मक प्रभाव मान्नुपर्छ।

## *माटाजन्य हस्तकला*

माटाका भाँडा बनाउन सिद्धहस्त मानिएका कुमाले जातिका महिला र पुरूषले विभिन्न अवसमा हस्तकला सामाग्री बनाउँछन्। यसका लागि उपयुक्त चिम्ट्याइलो माटो खोजेर वा किनेर ल्याउनुपर्दछ भने भाँडाकुँडा बनाएपछि त्यसमा माटोकै रङ लगाउन  पहेँलो चहकिलो माटो पनि फरक ठाउँबाट (सप्तरीको ठेलिया भेडियामा रहेको महुली खोलाको पाखाबाट) खनेर ल्याउँछन्। माटोलाई कुटेर धुलो बनाएर मलिलो माटो भएको खोलाको जमेको पानी (थलहा खोलामा जमेको पानी) ल्याएर घोल बनाएर त्यसलाई रातभरि थिग्रिन दिइन्छ। बिहान थिग्रेको पानीले टालोको प्रयोग गरी काँचो भाँडोमा लेप लगाउने गर्छन्, जुन हेर्दा पहेँलो देखिए पनि पकाएपछि त्यो रगतजस्तो रातो र चम्किलो देखिन्छ। 'मिथिलाका मृणशिल्पको विशेषताअनुसार त्यसको शैलीगत आकार, अलङ्कारिक सतह सज्जा चम्किलो हुन्छ। यहाँका कुमाले प्राचीनकालदेखि माटोका भाँडाकुँडा, देवीदेवताको प्रतिमा र पशु आकृति बनाउँदै आएका छन्' (सुमन, सन् २०२३)

घरेलु प्रयोजन, पूजाआजा, धार्मिक र माङ्गलिक कार्यका लागि माटाका भाँडाकुँडा प्रयोग हुने गर्दछ। दही जमाउन मटकुडी, छाँछी, माङ्गलिक कार्य र पुजाआजामा कलश, गर्मीमा पानी राख्न घैला, आगो ताप्न बोरैस, घरको छानाको लागि खपडा, खुद्रा पैसा राख्नको लागि खुत्रुके, गाँजा र सूर्तिजन्य पदार्थ सेवन गर्न चिलिम र हुक्का, सजावटका लागि पशु आकृति र खेलौनाहरू माटोबाट निर्माण भएका हस्तकलाका उदाहरण रहेका छन् । भाइबहिनीको स्नेहको प्रतिक सामाचकेवा पर्वमा माटाका विभिन्न पात्रहरू निर्माण गरिन्छ। यस कार्यमा सबै जातिका महिलाहरूको सहभागीता हुने गर्दछ । सामाचकेवाका लागि बनाउने विभिन्न प्रतिमाहरूलाई लोकमूर्तिकला भनिन्छ। त्यस्तै चुलो, कोठी (अन्न राख्ने भाँडो), भकारी, दियो आदिको निर्माण पनि महिलाहरूले आफैँ गर्दछन्। अहिले प्लास्टिकको प्रयोगले हाम्रो जीवन शैली बदलिएको छ। विचार गर्दा दैनिक व्यवहारमा आउने सबै ठाउँमा प्लास्टिकको प्रवेश भएको छ। यहाँसम्म कि देवताको मूर्ति पनि प्लास्टिकको बन्न थालेको छ। तर पनि हाम्रो परम्पराको प्रतिक चाडपर्वमा माटोका भाँडाको अनिवार्य भएकाले हामीले आफ्नो कला परम्परालाई जिवित राख्न सकेका छौँ । मनमोहक चाइनिज खेलौनाहरूको बिच मेला, हाटबजारमा माटोको खेलौनाको आकर्षण आज पनि त्यतिकै छ (सुमन, सन् २०२३) प्लास्टिकका भाँडा बजारमा सर्वत्र उपलब्ध भइरहँदा हाम्रो चाडपर्व र माङ्गलिक कार्यले माटोका हस्तकलाको संरक्षण गर्न भूमिका खेलेको छ; जसलाई सकारात्मक पक्ष मान्नुपर्छ। माटोजन्य सामाग्रीको प्रयोगलाई बढाउन सके स्थानीय जनताको आयस्तर वृद्धि हुन सक्त छ।

## *मधेसको परम्परागत हस्तकलामा आधुनिकताको प्रभाव*

आधुनिकता भनेको मानवहरूलाई अज्ञानबाट प्रगतिशिलतिर निर्देशित गर्ने पथ हो। यसमा लोकतन्त्रको विकास, स्वतन्त्रता, मानिसको खानपिन, पहिरन, रहनसहन, रीतिरिवाज, संस्कृति आदिमा परिवर्तन, प्रविधिको विकास आदि हो, जसले मानिसको प्रत्येक क्षेत्रमा परिवर्तनको प्रभाव पारेको हुन्छ। यी परिवर्तनहरू सकारात्मक र नकारात्मक दुवै हुन्छन्। आधुनिकताको प्रभावलाई निम्नानुसार वर्णन गरिएको छ–

## *सकारात्मक प्रभाव*

आधुनिक प्रविधिको प्रयोगले जीवनशैलीमा द्रुतगतिमा परिवर्तन आएको छ। पुरानो सोच र मान्यतामा परिवर्तन आएको छ। यो स्थितिमा परम्परागत हस्तकलाको प्रयोगमा कमी आए पनि मधेसका केही रीतिरिवाज र माङ्गलिक कार्यमा माटाका कलश, मटकुडी, बाँसका ढकिया, कोनिया, विवाहमा दुवोको माला, उपहारका लागि डाली, मौनीको प्रयोगले परम्परागत हस्तकलालाई अक्षुण राख्न सफल देखिन्छ; जसलाई सकारात्मक प्रभाव मान्नुपर्छ। सकारात्मक प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ–

### *हस्तकलाप्रतिको मोहमा वृद्धि*

खरबाट निर्मित हस्तकलाका सामाग्रीहरू डाली, मौनी, मुजेलाको प्रयोग विवाह, व्रतबन्ध, पुजा आदिमा फलफूल राख्ने गरिन्छ। त्यस्तै माङ्गलिक कार्यमा माटाका भाँडालाई शुद्ध र अनिवार्य मान्दा संरक्षणमा बल पुगेको छ । लोक हस्तकलाप्रतिको अभिरुचि उजागर गर्न महिलाहरूले समय निकालेर कपडामा सृजनी कला गर्ने र खेलौना बनाउने, माटाको चुलो, दियो, कोठी (अन्न राख्ने भाँडो), सामा चकेवाका प्रतिमाहरू बनाउने कार्य गर्दछन्। बाँसका कलात्मक टोकरी, ढकिया, कोनिया, नाङ्लो आदि सामाग्रीहरू दैनिक प्रयोग गर्दछन्।

### *प्रविधिको विकासले ल्याएको सहजता*

आधुनिक प्रविधिको विकासले हस्तकला, कृषि, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा सरलता, सुलभता, सहजता, उत्पादनमा तीव्रता, सौन्दर्यमा वृद्धि थपिदिएको छ। सवारी साधनको सुविधाले ढुवानी गर्न, विभिन्न सञ्चारमाध्यमले सजिलै सम्पर्क गर्ने वातावरण बनेको छ र विद्युतीय उपकरणको प्रयोगले समयको बचत र उत्पादनमा तीव्रता आएको छ। कलात्मक सामाग्रीको उत्पादनले हस्तकलाको

मागमा वृद्धि र बजार विस्तार भएको छ। आधुनिक प्रविधिको विकाससँगै प्रयोगमा रहेका पुराना काठका उपकरणहरू विस्थापित भएर आधुनिक मिल, यन्त्रहरूको आविष्कार, पुलको निर्माणले मानिसको दैनिक कार्यमा परिवर्तन आएको छ।

## *हस्तकलाको मागमा वृद्धि*

यातायात सुविधा, सजिलो सम्पर्क माध्यम, ढुवानीको सहजता र विद्युतीय उपकरणको प्रयोगले हस्तकलाका सामग्रीहरूको उत्पादन बढेको छ। उत्पादित सामाग्रीहरू चाहेकै बेलामा तुरन्त उपलब्ध गराइनुले मागमा वृद्धि पनि भएको छ। आधुनिक प्रविधिको विकासले काठको वैकल्पिक रूप प्लाइउड, हार्डबोर्डबाट बनेका सुन्दर हस्तकलाका सामाग्रीहरूको बिक्रीवितरण बढेको छ। माटो, काठ र धातुजन्य हस्तकला सामाग्रीको खरिदबिक्री बढको छ।

## *नकारात्मक प्रभाव*

आधुनिकताले हस्तकलामा सकारात्मकभन्दा बढी नकारात्मक प्रभाव पारेको छ। डाली, मौनी, मुजेलाको निर्माण सजावट र उपहारका लागि बनाइने हुँदा यसबाट आर्थिक लाभ न्यून रहेको छ। बजारमा प्लास्टिकबाट बनेका विभिन्न सामाग्री सस्तोमा उपलब्ध हुन थालेपछि गुन्द्री, चट्टाई, माटाका भाँडाकुँडा, काठका सामाग्रीको प्रयोगप्रति अरूचि बढदै गएको छ; जसलाई नकारात्मक प्रभाव मान्नुपर्छ। नकारात्मक प्रभावलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ–

## *लोक तथा परम्परागत हस्तकलाप्रति उदासिनता*

जनसङ्ख्या वृद्धिसँगै बढेको बेरोजगारी समस्याले गर्दा लोक तथा परम्परागत पेसाभन्दा बढी आम्दानीका पेसा रोज्न बाध्य भएका छन्। डाली, मौनी, मुजेलाको निर्माण सौन्दर्य र उपहारका लागि बनाउँदा यसबाट पाउने आर्थिक लाभ न्यून रहेको छ। माटो र काठजन्य हस्तकलामा लगानी बढी र लाभ कम हुँदा पलायन हुनेहरू बढदै गएका छन। काठको सामाग्री बनाउँदा समय र लगानी बढी लाग्ने, खेर जाने, पुरानो हुँदै गएपछि उक्किने, कुहिने र महँगो पनि हुने भएकाले यसको वैकल्पिक सामाग्री बजारमा सस्तोमा उपलब्ध हुन थालेपछि काठबाट बनेका धेरै जसो हस्तकला सामाग्रीहरू बनाउन छाडिएको छ।

## *संस्कृतिमा पारेको प्रभाव*

कलाले संस्कृतिको संरक्षण गर्छ। तर आधुनिक परिवेश र अन्य समुदायसँग घुलमेल आदिले मधेसी संस्कृतिमा अरूको प्रभाव परेको देखिन्छ। वैवाहिक कार्यमा अहिलेको परम्परागत मौर (मुकुट) लाउनुको सट्टा ढाका टोपी लगाउनु, माङ्गलिक कार्यमा डाली, मौनी र माटाका भाँडाको सट्टा धातुका भाँडाकुँडा प्रयोग गर्नु, धोती कुर्ताको साटो सुट र पैन्टमा सजिनु, परम्परागत सङ्गीतसामाग्रीको साटो ब्याण्डबाजा बजाइनुले संस्कृतिमा नकारात्मक प्रभाव परेको देखिन्छ।

## *प्रतिस्पर्धाको अभाव*

अचेल स्टिल, अलमुनियम, प्लास्टिक, काँस र काँचका विभिन्न किसिमका सामाग्रीहरू उत्पादन भएर बजारमा सस्तोमा पाउन थालेदेखि काठ, माटो, बाँसबाट निर्मित हस्तकला सामाग्रीहरू मानिसले प्रयोग गर्न छाडेका छन्। परम्परागत रूपमा रहेका हस्तकला र लोक हस्तकला उत्पादनले प्रतिस्पर्धा गर्न नसकी सिमित भएको पाइन्छ। उचित बजारको अभाव र युग सुहाउँदो प्रविधिको ज्ञान नभएका कारण परम्परागत हस्तकला धरापमा परेको देखिन्छ।

## *परम्परागत पेसाबाट पलायन*

परम्परागत हस्तकला जीवनयापनको मुख्य आधार भए तापनि आधुनिक परिवेशमा राज्य स्तरबाट यसलाई आर्थिक लाभसँग जोड्ने कुनै प्रयास नहुँदा मानिसहरू अरू पेसा रोज्न बाध्य भएका छन्। युवाहरू अन्य रोजगारीको खोजिमा अहिले खाडी मुलुकतिर पलायन भएका छन्। हस्तकलाबाट आर्थिक लाभका सम्भावना बारे सरकार, राजनैतिक दलहरू र कुनै सरोकारवाला निकायबाट चासो राखको देखिँदैन। हस्तकलाको राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापारका लागि अध्ययन, खोज र प्रयास गर्दा आर्थिक लाभसँग जोडन सकिन्छ।

## *संरक्षणको अभाव*

परम्परागत हस्तकला र यसको सौन्दर्य पक्ष, सामाजिक र आर्थिक महत्त्व, कलात्मक मूल्यको निर्धारण, धार्मिक, सांस्कृतिक र मनोवैज्ञानिक गुणका बारेमा न प्रचारप्रसार हुन सकेको छ न त यसको बजारीकरणको प्रयास भएको छ। न कुनै जिम्मेवार निकायबाट संरक्षण, प्रवर्द्धन तथा विकासको प्रयास भएको छ। सरकारले अर्थ राजनीतिमा परम्परागत हस्तकला पेशालाई वास्ता गरेको छैन। परम्परागत पेशा अँगालेका युवायुवतीहरू वैदेशिक रोजगारको मानसिकताबाट ग्रसित हुन पुगेका छन्।

## *निष्कर्ष*

मधेसी परम्परागत हस्तकलालाई राज्यले अर्थतन्त्रको पूरक पक्षका रूपमा जगेर्ना गर्न नसक्दा आधुनिकताको सकारात्मक प्रभावभन्दा नकारात्मक पक्षको बढी प्रभाव रहेको पाइन्छ। जनसङ्ख्या वृद्धि, अभाव, महँगी, बेरोजगारी आदिका कारण मानिसहरूको ध्यान आर्थिक उपार्जनमा बढी केन्द्रित भएको छ। यस अवस्थामा माङ्गलिक कार्य र उपहारका लागि तयार गरिने सामाग्रीबाट शून्य प्रतिफल आउने हुँदा यस कार्यप्रति विकर्षण बढदै गएको छ। यी हस्तकला सामाग्रीलाई आर्थिकपक्षसँग जोडेको खण्डमा कलाप्रति आकर्षण बढन सक्तछ। बजारमा प्लास्टिक र धातुजन्य सामाग्रीको प्रचुरता, प्रतिस्पर्धाको कमी, कच्चा पदार्थको अभाव झेल्नु, उपभोक्ताको मागबारे ज्ञान नहुनु, युग सुहाउँदो उत्पादनमा कमी हुनु, बजार विस्तारको कमी, सरकारी स्तरबाट परम्परागत पेशामा लागेकाहरूको जीवनस्तर उकास्न कुनै किसिमको प्रयास नहुनु, प्रशिक्षण, संरक्षण तथा प्रवर्द्धनको अभाव, वैदेशिक रोजगारमा बढ्दो आकर्षणले गर्दा कलाकर्मीहरू पलायन हुनु र अन्य पेसा रोज्नु आदिका कारण परम्परागत हस्तकलामा उदासिनता छाएको पाइन्छ। माटाका सामाग्रीहरूको निर्माण चाँडपर्व केन्द्रित मात्र हुनु, लोक हस्तकलालाई व्यवसायिक बनाउन नसक्नु, उपभोक्ताको चाहना र मागअनुकूल हस्तकला सामाग्रीको उत्पादनमा कमी, हस्तकलाका अन्य सामाग्री जस्तै माटोको चिया कप, पेन होल्डर, सिन्दुर दानी, पानी फिल्टरका साथै निगालो र बाँसको कुर्सी, टेबुल, सोफा, किताब राख्ने र्‍याक निर्माणमा जोड दिएको पाइँदैन। यसका लागि राज्य, स्थानीय सरकार, राजनैतिक दल, नागरिक समाज, सञ्चार माध्यम, रेडियो एफएमजस्ता संस्थासहित अन्य सरोकारवाला र प्रत्येक सचेत नागरिकको कर्तव्य रहेको छ।

## *सन्दर्भ सामाग्री*


कुमार, नरेन्द्र (सन् २०११). 'बाँस शिल्प. गल्ले भरती रचनात्मकता करिअर'. *दैनिक ट्रिब्युन.* नोभेम्बर २३. dainiktribuneonline.com. २०८० माघ ३ गते हेरिएको।

बडाल, केशव (२०६७). *चीनको अर्थ राजनीति र सहकारी.* काठमाडौं : ऋषि बडाल।

बस्नेत, युरेन्द्र, सापकोटा , चन्दन र खतिवडा, समीर (सन् २०१९). 'आर्थिक रूपान्तरण : हामीलाई केले पछि पारेको छ?'. *समकालीन नेपाल राजनीति र अन्य आयाम.* (दीपक थापा, सं.) १२५–१४७. काठमाडौं : सोसल साइन्स बहाः र द एसिया फाउन्डेसन।

राकेश, रामदयाल (२०६७). *मिथिलाञ्चल लोकसंस्कृति.* काठमाडौँ : एकता बुक्स थापाथली।

रायमाझी, जीतबहादुर (२०७०). *तराई नेपालका लोककला.* काठमाडौँ : नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान ।

सुमन, एससी (सन् २०२२). 'संरक्षणको प्रतीक झाँप (लिखिया)'. artistscsuman.blogspot.com, Oct-3 2022, २०८० माघ ३ गते हेरिएको।

सुवेदी, झलक (२०७३). 'मधेशको अर्थ सामाजिक रूपान्तरण : राजनीतिक दलहरूको दृष्टिकोण'. *मधेश अध्ययन.* अङ्क–४ पृ. ९–३४।

सुमन, एससी (सन् २०२३). 'मृणशिल्प, माटो र सिरहा'. artistscsuman.blogspot.com, Sep.-2 2023, २०८० पुस २३ गते हेरिएको।

Rakesh, R.D. ( 2016). *Mithila Folk Art.* Kathmandu : Nepal Academy of Fine Arts.